सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

संक्षिप्त आदेश

०६५-WO-०९५४

मुद्दा : उत्प्रेषण समेत।

नरबहादुर तामाङ समेत १३ जना ----------१ निवेदक

विरूद्ध

प्रधान मन्त्री तथा मन्त्री परिषद कार्यालय समेत----------१ विपक्षी

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२/१०७(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

तत्कालीन श्री ५ को सरकारबाट गठीत श्री ५ को सरकार पुनरबास विभाग कोशी सगरमाथा अञ्चल क्षेत्रिय बसोवास कार्यालय विराटनगरबाट हामी सुकुम्वासीहरुलाई प्रदान गरी हाम्रा नाउमा नापी नक्सा समेत भै जग्गा धनी प्रमाण पूर्जा समेत प्राप्त भै घरवास जोत भोग चलन गर्दै आएको जग्गामा २०५५ सालमा विपक्षी वन कार्यालायबाट तारवारसमेत गरेको हुँदा सो कार्य रोकी पाउन पुनरावेदन अदालत विराटनगरमा निषेधाज्ञाको निवेदन दिई विपक्षीहरुको नाउँमा हामीहरुको नाउमा दर्ता स्वामित्व भएको जग्गामा कुनै प्रकारको प्रवेश,हस्तक्षेप,खनजोत,वसोवास,वृक्षारोपण लगायत कुनै प्रकारको वाधा पार्ने कार्य नगर्नू नगराउनु भनी मिति २०५६।२।२० मा निषेधाज्ञाको आदेश जारी भएकोमा सो उपर विपक्षी

२०६२।६।१२ मा पुनरावेदन अदालतको आदेश सदर गरी सो फैसला पालना र कार्यान्वयन गर्नु भनी पत्राचार समेत भएकोमा सो आदेशको पालना नगरी विपक्षी मालपोत कार्यालयले हाम्रो जग्गाको विक्रि राजिनामा अनुसार हालसम्म दा.खा. गरेको छैन। नापी कार्यालयबाट नापी नक्सा गरी जग्गाको कित्ताकाट समेतको कार्य नगरी सर्वोच्च अदालतको फैसलाको विपरित हामीलाई कुनै जानकारी सम्म नगराई हाम्रो जग्गाको दर्ता नै बदर गर्ने गरी विपक्षी वन कार्यालयले मिति २०६४।९।२५ मा गरेको निर्णयले हामीहरुको नेपालको अन्तरिम संविधान,२०६३ को धारा १२,१२(ङ),१३,१९ समेतबाट प्रदत्त अधिकारको उलंघन भएको हुँदा विपक्षी वन कार्यालयको उक्त निर्णय तथा कारवाही पत्रहरु सम्पूर्ण उत्प्रेषणको आदेशद्धारा वदर गरी निवेदकहरूको हक स्वामित्वमा रहेको जग्गा धनी प्रमाण पूर्जा बमोजिमको जग्गाको श्रेस्ता अध्यावधिक कित्ताकाट दा.खा. जे जो गर्नुपर्छ गरी सहिहालतमा राखी कर्तव्य पालन गर्नु भनी प्रत्यर्थीहरुको नाउमा परमादेश सहित जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ भन्ने निवेदक नरबहादुर तामाङ समेतका १३ जना निवेदकहरुले जिल्ला मोरङ गा.वि.स. डागीहाट वडा नं.४(ढ) को कि.नं. ४८ देखि ७७ सम्मको जग्गाको विवरण उल्लेख गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखियो ।

विपक्षीहरुबाट पेश हुन आएको लिखित जवाफ हेर्दा निवेदकहरुले दावी लिएको डागीहाट ४(ढ) का कित्ता श्रेस्ता सुकुम्वासी समस्या समाधान आयोग मोरङको च.नं. ५०९ मिति २०५८।३।२९ को पत्रबाट अदालतमा मुद्दा परि विचाराधीन अवस्थामा रहेकोले अदालतको फैसला बमोजिम हुने गरी भनी आयोगको पत्र साथ श्रेस्ता प्राप्त हुन आएको , निवेदनमा दावी लिएको जग्गाको ३३ सालमा नै मोठ श्रेस्ता तयार भै अन्य वास्तविक जग्गाधनीले वसोवास भोग चलन गरी आएको, वन क्षेत्रको जग्गालाई निवेदकहरुले दावी गरेको र सो जग्गाको कित्ता क्षेत्रफल, फिल्डवुक प्लट रजिष्टर नभएको डागीहाट ४(ढ) मा कि.नं. १ देखि १९ सम्मको फिल्डवुक र कित्ताकाट भै कि.नं. ६९ सम्म अरुनै व्यक्ति अरुनै क्षेत्रफल र नक्सा भएको भन्ने उल्लेख भएको, एउटै नक्सामा एउटै कित्ता नं. का जग्गा २ ठाउँमा कित्ताकाट हुनै नसक्ने विवादीत जग्गा सृजना सामुदायीक उपभोक्ता समुहको संरक्षणमा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा हो ।वन क्षेत्रको जग्गा निवेदकहरुको नाउमा दर्ता हुनै नसक्ने र दर्ता भएकोमा जहिलेसुकै वदर हुने कानूनी व्यवस्था भएकोले स्वतः दर्ता वदर भएकाले रिट निवेदन खारेज हुनुपर्ने जिकिर लिएको देखियो ।

विपक्षीबाट पेश भएको लिखित जवाफबाट निम्न तथ्य पुष्टि हुन आएको छ

निवेदकहरुको नाउको जग्गा धनी दर्ता प्रमाण पूर्जामा उल्लेख भएको जग्गामध्ये हाल कायम कि.नं.६४,६५,७०,६९,४९, ४८,७७,५३,५०,५६र६६ समेतका जग्गाको दर्ता श्रेस्ता निवेदकहरु बाहेकका अन्य व्यक्तिहरुको नाउमा कायम भै रहेको देखिन्छ ।

निवेदकहरुले दावी गरेको जग्गा राष्ट्रिय वन क्षेत्रभित्रको देखिन्छ ।

निवेदकहरुले दावी गरेको जग्गाको श्रेस्ता मालपोत कार्यालय र नापी कार्यालयमा अध्यावधिक नभएको ।

निवेदनलेखबाट निवेदकहरुले दावी गरेको जग्गामा २०५५ सालदेखि नै विवाद भएको देखिन्छ। तत्कालिन सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति मोरङको च.नं. ५०९ मिति २०५८।३।२९ को पत्रसाथ मालपोत कार्यालय बेलवारी मोरङलाई लेखेको पत्रमा "अदालतमा मुद्दा परी विचाराधिन रहेकाले फैसला बमोजिम हुने गरी श्रेस्ता पठाएको भन्ने उल्लेख भएबाट निवेकहरुले दावी लिएको जग्गाको दर्ता श्रेस्ता २०५८ साल सम्म अध्यावधिक भई नसकेको देखिन्छ।

निवेदकहरुले दावी गरेको जग्गाको श्रेस्ता नै खडा नभएको र निजहरुले प्राप्त गरेको भनिएको जग्गा दर्ता प्रमाण पूर्जामा उल्लेख भएको बिभिन्न कित्ता जग्गाहरुको दर्ता श्रेस्ता अन्य व्यक्तिहरुको नाममा साविकदेखि नै खडा भै दर्ता तिरो भोग विक्री व्यवहार भएको देखिन्छ।

निवेदकहरुले दर्ता गरेको जग्गा हक हस्तान्तरण समेत गरेको भन्ने उललेख गरेकोमा जग्गाको दर्ता श्रेस्ता रहने कार्यालयबाट लिखत नगरी मालपोत कार्यालय ताप्लेजुङ, काभ्रेपलाञ्चोक,काठमाण्डौं समेतको जिल्लाबाट अध्यावधिक नै नभएको जग्गा दर्ता प्रमाण पूर्जाको आधारमा लिखत पारित गरेको देखिएको।

कानुन बमोजिम दर्ता श्रेस्ता खडा भै सालबसाली जग्गाको तिरो (मालपोत) तिरेको जग्गाको मात्र रित पूर्वक स्वामित्व प्राप्त भएको मान्नुपर्ने हुन्छ। निवेदकहरुले दावी गरेको जग्गाको निर्विवाद स्वामित्व प्राप्त गरेको देखिंदैन।

विवादित जग्गाकै विषयमा यी निवेदकहरुले निषेधाज्ञाको निवेदन समेत दायर गरी

तहतह मुद्दा चलेको विषयमा सुनुवाईको मौका नपाएको भन्ने जिकिर तर्क संगत नदेखिने।

सुकुम्बासी समस्या समाधान आयोग गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कार्य नीति २०५६(संशोधन सहित)को आयोगको काम कर्तव्य र अधिकार भन्ने शिर्षक अन्तरगतको उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको जग्गाहरु आयोगले वितरण गर्ने छैन भन्ने र देहायको खण्ड (क) मा प्रचलित कानुन बमोजिम कायम रहेको सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएको जग्गाहरु वितरण हुन नसक्ने देखिन्छ।

त्यसै गरी वन ऐन २०४९ को दफा १६ मा जग्गा दर्ता गर्न नहुने शिर्षक अन्तरगत उपदफा(१) मा राष्ट्रिय वन भित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुदैन। उपदफा (२) मा उपदफा (१) मा लेखिएको जग्गा दर्ता गराईएको भएतापनि सो दर्ताको नाताले त्यस्तो जग्गा दावी गर्न पाईने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ। उपदफा(३) मा यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्विकृती वेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ, र त्यस्तो दर्ताको लगत कट्टा गरिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

राष्ट्रिय वन क्षेत्रको जग्गा दर्ता गर्न तत्कालिन श्री ५ को सरकारको स्विकृती लिई निवेदकहरुको नाममा रितपूर्वक दर्ता भएको भन्ने देखिएन।

मालपोत ऐन २०३४ को दफा २४ मा सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आवाद गर्न नहुने शिर्षक अन्तरगत देहायको व्यवस्था रहेको देखिन्छ।

१) सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गर्न गराउन हुदैन। तर नेपाल सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागी र सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहराएको कुनै कामको लागी व्यवस्था गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन।

२) कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछी कुनै सरकरी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ। त्यस्तो जग्गाको व्यक्ति विशेषको नाममा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने छ।

जग्गा नाप जाँच ऐन २०१९ को दफा ६(ग) मा अतिक्रमण गरी भोग गरेको जग्गा दर्ता गर्ने शिर्षकमा साविकमा सरकारी वा सार्वजनिक जग्गा जनिई नाप जाँच भएको कुनै जग्गा कसैले आवाद कमोद वा घरवास गरी अतिक्रमण गरी भोग गरेको भएपनि नाप जाँच गर्दा त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रुपमा दर्ता गर्नुपर्नेछ भन्ने व्यवस्था भएको।

निवेदकहरुले दावी गरेको जग्गाहरु श्रृजना सामुदायिक वन उपभोक्ता समुहद्वारा संरक्षित राष्ट्रिय वन भित्रको जग्गा रहेको भन्ने उक्त उपभोक्ता समुह।

वितरण नै हुन नसक्ने राष्ट्रिय वनक्षेत्र भित्रको जग्गालाई अर्कै गा.वि.स. अन्तरगतको अघि नै जग्गा श्रेस्ता खडा भै अन्य व्यक्तीको दर्ता तिरी भोग चलनको जग्गा समेत कित्ता नं. हरु उल्लेख गरिएको सुकुम्बासी समस्या समाधान आयोगबाट पूर्णता नै नपाएको जग्गा दर्ता प्रमाण पूर्जाको आधारमा निषेधाज्ञाको निवेदन दर्ता गरी तत्काल निषेधाज्ञाको आदेश जारी भएकै आधारमा निवेदकहरुले निवेदन दावी गरेको जग्गाको कानुन बमोजिम हक प्राप्त भएको मान्न मिल्ने देखिंदैन। निषेधाज्ञाको आदेश जारी भएकै कारणले जग्गाको हक हस्तान्तरण हुने अवस्था हुदैन। निवेदकहरुको विवादित जग्गामा निर्विवाद हक प्राप्त अवस्था नहुँदा निवेदन माग बमोजिम उत्प्रेषण लगायतको आदेश जारी गर्नु पर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको पूर्ण पाठ पछि तयार गरिनेछ।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०७४ साल भाद्र महिना ७ गते रोज ४ शुभम् .....